अनुसूची(२)

(दफा ४ तथा अनुसूची-१ को भाग- १ संग सम्बन्धित)


# भीरकोट राजपत्र

## भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ संख्या ३ मितिः २०८२/०३/३०

## भाग-१

## भीरकोट नगरपालिका


# भीरकोट नगरपालिकाको स्थानीय वन ऐन, २०८२

नगर सभाबाट स्वीकृत मिति : २०८२।०३।२९

**प्रस्तावनाः** भीरकोट नगरपालिकाभित्र वनक्षेत्रमा आश्रित स्थानीय समुदायको वन व्यवस्थापन र त्यसबाट प्राप्त लाभको बाँडफाँडमा प्रतिनिधित्व र पहुँचको अधिकार सुनिश्चित गर्न, स्थानीय वनको प्रवर्द्धन, संरक्षण र दिगो व्यवस्थापन र प्राप्त लाभको न्यायोचित वितरण र त्यसबाट स्थानीय समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा योगदान पुर्याउन तथा स्थानीयस्तरमा वन्यजन्तु, वातावरण, जलाधार तथा जैविक विविधताको संरक्षण र सम्बर्द्धन गर्न स्थानीय वनको प्रवर्द्धन, विकास, संरक्षण, उपयोग र दिगो व्यवस्थापनका

सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी भीरकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भीरकोट नगरपालिकाको स्थानीय वन ऐन, २०८२" रहने छ। (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "नगरपालिका" भन्नाले भीरकोट नगरपालिका सम्झनु पर्दछ।

(ख) "नगर प्रमुख" भन्नाले भीरकोट नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले भीरकोट नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

(घ) "नगर कार्यपालिकाको कार्यालय" भन्नाले भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्दछ ।

(च) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ ।

(छ) "वन ऐन, २०७६" भन्नाले सङ्घीय वन ऐन, २०७६ सम्झनु पर्दछ।

(ज) "वन पैदावार" भन्नाले देहायका वन पैदावार सम्झनु पर्छः

(१) काठ, दाउरा, गोल, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली

(२) रुख, पात, फल, फूल, महुवा, चिराइतो, कुटकी र सबै प्रकारका जङ्गली जडीबुटी, वनस्पति तथा तीनका विभिन्न भाग वा अंश

(३) चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा, वा पशु पन्छी, वन्यजन्तु र वन्यजन्तुको आखेटोपहार।

(झ) "वनक्षेत्र" भन्नाले निजी स्वामित्वमा रहेको वन बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको, वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नाङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ।

(ञ) "विपन्न वर्ग" भन्नाले आर्थिक, सामाजिक, भौतिक, मानवीय र प्राकृतिक स्रोत साधनमा पहुँच तथा नियन्त्रणको आधारमा पछाडि परेका वा पारिएका उपभोक्ताहरू सम्झनु पर्दछ।

(ट) "सामुदायिक वन" भन्नाले सामूहिक हितको लागि यस ऐन बमोजिम गठन भएको सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण भएको राष्ट्रिय वन सम्झनु पर्दछ ।

(ठ) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसँग सिमाना जोडिएको र वनक्षेत्रमा आश्रित नगरपालिका क्षेत्रका समुदाय सम्झनुपर्दछ र सो शब्दले वन क्षेत्रबाट लाभान्वित आदिवासी जनजाति, महिला, दलित, अल्पसङ्ख्यक, विपन्न समेतलाई जनाउँछ ।

(ड) "सामुदायिक वन उपभोक्ता समूह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलनका लागि यस ऐन प्रारम्भ हुनुभन्दा पहिले वन ऐन तथा नियमावली बमोजिम गठन भएका वन उपभोक्ता समूहलाई सम्झनु पर्दछ ।

(ढ) "स्थानीय वन" भन्नाले नगरपालिका क्षेत्रमा रहेको देहायको वन सम्झनुपर्दछ र सो शब्दले यसै ऐन बमोजिम सामुदायिक वनको रूपमा स्थानीय सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण भएको वन समेतलाई जनाउनेछः

(१) नेपाल सरकारको स्वीकृति लिई नदी वा खोला किनार (नदी उकास क्षेत्र) वा बगर क्षेत्रमा वा सार्वजनिक जग्गामा नगरपालिका आफैले वा नगरपालिकाबाट अनुमति प्राप्त गरी कुनै व्यक्ति, संस्था वा स्थानीय समूहले वृक्षारोपण गरी विकास गरेको वन,

(२) नगरपालिका क्षेत्रमा नगरपालिका आफैले वा नगरपालिकाको सहजिकरणमा स्थानीय समुदाय वा बासिन्दाले विकास गरेको शहरी वन,

(३) रुख वा बुट्यान नभएको पर्ती वा ऐलानी जग्गामा नगरपालिकाले वृक्षारोपण गरी विकास गरेको वन।

(ण) "स्थानीय वन उपभोक्ता समूह" भन्नाले यस ऐन प्रारम्भ भए पश्चात भीरकोट नगरपालिकामा दर्ता भएका दफा २६ बमोजिम गठन हुने स्थानीय वन उपभोक्ता समूह सम्झनुपर्दछ ।

(त) "वातावरणीय सेवा" भन्नाले वन संरक्षण गरेर पानीका मुहान संरक्षण वा स्वच्छ पानी, स्वच्छ हावाबाट पाइने सेवा साथै कार्बन सञ्चिति सम्झनु पर्दछ ।

(थ)" उपभोक्ता संघ" भन्नाले दफा ३३ बमोजिम गठित नगरपालिका सामुदायिक वन उपभोक्ता संघ सम्झनुपर्दछ ।

(द) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गतका दफाहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद-२

## स्थानीय वनको प्रवर्धन, संरक्षण तथा व्यवस्थापन

३. **स्थानीय वन प्रवर्धन तथा विकास गर्नेः** (१) नगरपालिकाले स्थानीय वन प्रवर्धन र विकास गर्न प्रोत्साहन गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले आवश्यक नीति तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नेछ।

(३) नगरपालिकाले स्थानीय वन प्रवर्धन र विकास गर्न कुनै व्यक्ति, गैरसरकारी वा सामुदायिक संस्था वा सहकारी संस्थासँग तोकिए बमोजिम सहकार्य गर्न सक्नेछ ।

(४) नगरपालिकाले स्थानीय वनलाई वातावरण संरक्षण, स्थानीय हरियाली, शहरी सौन्दर्य तथा आय आर्जन वा रोजगारीको माध्यमको रूपमा विकास गर्न सकिनेछ ।

(५) यस ऐन बमोजिम प्रवर्द्धन, विकास, संरक्षण र व्यवस्थापन गरिएको स्थानीय वन राष्ट्रिय वनको अभिन्न अङ्ग हुनेछ ।

४. **ऐलानी वा पर्ती जग्गामा वन विकास गर्नेः** (१) नगरपालिकाले रुख वा बुट्यान नभएको नगरपालिका क्षेत्रमा रहेको ऐलानी वा पर्ती जग्गामा वृक्षारोपण गरी वा गराई वन विकास गर्नेछ।

(२) उपदफा (१) बमोजिम वन विकास गर्दा वा गराउँदा नगरपालिका आफैले वा दफा २६ बमोजिम गठन हुने स्थानीय वन उपभोक्ता समूह मार्फत वन विकास गर्नेछ ।

(३) उपदफा (१) बमोजिम विकास गरिएको वनबाट प्राप्त भएको वन पैदावारमा नगरपालिकाले विकास गरेको भए नगरपालिकाको र स्थानीय वन उपभोक्ता समूहले विकास गरेको भए सम्बन्धित स्थानीय उपभोक्ता समूहको अधिकार हुनेछ ।

५. **सार्वजनिक जग्गामा वन प्रवर्धन र विकास गर्नेः** (१) नगरपालिकाले वातावरण संरक्षण, सार्वजनिक हित वा सुविधा विचार गरी नगरपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गामा वनको प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिका आफैले वा स्थानीय वन उपभोक्ता समूह वा स्थानीय समुदायसँग सहकार्य गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सहकार्य गर्दा नगरपालिकाले सम्बन्धित समूह वा समुदायका प्रतिनिधिसँग तोकिए बमोजिम सम्झौता गर्नु पर्नेछ।

(४) नगरपालिकाले यस दफा बमोजिम प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन गरेको वनबाट प्राप्त वन पैदावारमा नगरपालिकाको अधिकार हुनेछ र त्यस्तो पैदावारको नगरपालिकाले उपयोग र बिक्री वितरण गर्नसक्नेछ ।

तर उपदफा (३) बमोजिम सम्झौता गरी वनको प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन गरेको वनबाट प्राप्त वन पैदावारमा तोकिए बमोजिमको अनुपातमा नगरपालिका र स्थानीय वन उपभोक्ता समूह वा स्थानीय समुदायको अधिकार हुनेछ ।

६. **शहरी वनको प्रवर्धन, विकास तथा व्यवस्थापनः** (१) नगरपालिकाले शहरी वन प्रवर्धन, विकास वा संरक्षण गर्ने उद्देश्यले देहायका क्षेत्र वा त्यसको आसपासमा वृक्षारोपण गर्न, वन प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन गर्न प्रोत्साहन गर्नेछः

(क) शहरी क्षेत्रको मानव वस्ति क्षेत्र,

(ख) शहरी क्षेत्र वा नगरपालिका अन्य क्षेत्रमा रहेका सार्वजनिक सडकको आसपास,

(ग) सार्वजनिक पार्क,

(घ) सार्वजनिक कुलो वा नहर,

(ङ) तोकिएको अन्य क्षेत्र

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिका आफैले वा कुनै वन उपभोक्ता समूह, गैरसरकारी संस्था वा कुनै व्यक्तिसँग सम्झौता गरी साझेदारीमा वन प्रवर्धन, विकास, संरक्षण वा व्यवस्थापन गर्न सक्नेछ।

(३) यस उपदफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले नगरक्षेत्र भित्र कुनै भौतिक संरचना वा भवन निर्माणका लागि नक्सा पास गर्दा तोकिएको क्षेत्रफल भन्दा बढी क्षेत्रफल भएको जमीनमा कुनै भवन वा भौतिक संरचना निर्माण गर्दाको बखत तोकिए बमोजिम वृक्षारोपण गरी रुख हुर्काउनुपर्ने गरी शर्त तोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम शर्त तोकिएकोमा त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित भवन वा संरचना निर्माण गर्नु व्यक्तिको कर्तव्य हुनेछ ।

(५) उपदफा (३) को प्रावधान कार्यान्वयनका लागि नगरपालिकाले भवन वा भौतिक संरचना निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्नुअघि वृक्षरोपण गरी रुख हुर्काउन आवश्यक वृक्षारोपण भए वा नभएको अनुगमन गर्नुपर्नेछ ।

(६) नगरपालिकाले यस दफा बमोजिम वृक्षारोपण गर्ने बिरुवाको प्रजाति र किसिम निर्धारण गरी सिफारिस गर्न सक्नेछ र त्यस्तो बिरुवा भौतिक संरचना मैत्री हुनुपर्नेछ।

(७) शहरी वन प्रवर्धन, विकास तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **हक वा स्वामित्व प्राप्त नहुनेः** (१) दफा ४, ५ वा ६ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको अनुमति लिई स्थानीय वन उपभोक्ता समूह, गैरसरकारी संस्था, स्थानीय समुदाय वा कुनै व्यक्तिले ऐलानी, पर्ती वा सार्वजनिक जग्गामा वृक्षारोपण गरी वन विकास गरेको कारणले मात्र त्यस्तो जग्गामा स्थानीय वन उपभोक्ता समूह, संस्था वा समूह वा त्यसका कुनै सदस्य वा त्यस्तो व्यक्तिको कुनै किसिमको हक, स्वामित्व वा मोहियानी हक प्राप्त हुने छैन ।

(२) उपदफा (१) मा उल्लिखित जग्गा यस ऐनको प्रतिकूल हुने गरी दान, बकस वा धितोबन्धक दिन वा स्थानीय वन उपभोक्ता समूह, गैरसरकारी संस्था वा समुदाय, सदस्यहरू, त्यस्तो व्यक्ति वा निजका हकवालाहरू बीच अंश भागबन्डा लाग्ने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय उपभोक्ता समूहले त्यस्तो जग्गामा उत्पादन गर्ने वा गरेको वन पैदावारलाई धितो बन्धक राखी ऋण लिन वा वन पैदावार विक्री गर्न वाधा पुऱ्याएको मानिने छैन।

८. **भोगचलन र उपयोगको अधिकार प्राप्त गर्नेः** (१) यस ऐन बमोजिम प्रवर्धन, संरक्षण वा व्यवस्थापन गरेको स्थानीय वनको विकास, दिगोपन व्यवस्थापन र उपयोग गर्ने अधिकार सम्बन्धित नगरपालिका, स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूह वा सम्बन्धित व्यक्तिलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम विकास र व्यवस्थापन गरिएको वनबाट लाभ प्राप्त गर्ने अधिकार नगरपालिका, स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूह वा सम्बन्धित व्यक्तिलाई हुनेछ। यसरी प्राप्त भएको लाभमध्ये कम्तीमा पच्चिस प्रतिशत रकम वन व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रकम सम्झौता बमोजिम बाँडफाँड गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रवर्धन, विकास वा व्यवस्थापन भएको स्थानीय वन क्षेत्र स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूहलाई करार गरी नगरपालिकाले दिएको भए त्यस्तो समुदाय वा समूहको मन्जुरी बिना त्यस्तो वन वा अन्य कुनै प्रयोजनको लागि नगरपालिकाले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन सक्नेछैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको वन क्षेत्रमा व्यापक सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूहसँग परामर्श गरी नगरपालिकाले अन्य सार्वजनिक प्रयोगमा ल्याउन उपदफा (३) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन।

(५) नगरपालिकाले उपदफा (३) बमोजिम अन्य प्रयोजनको लागि स्थानीय वन प्रयोगमा ल्याउँदा सम्बन्धित समुदाय वा समूहलाई कुनै हानि नोक्सानी भएमा त्यसबाट पर्न गएको आर्थिक, भौतिक, जैविक विविधताको क्षति मूल्याङ्कन गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

९. **स्थानीय समुदायको सहमति लिनुपर्नेः** (१) नगरपालिकाले स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूहको व्यवस्थापनमा रहेको स्थानीय वनको सम्बन्धमा देहायका कुनै निर्णय गर्नुअघि स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूहको सहमति लिनु पर्नेछ ।

(क) स्थानीय वनलाई वनको रूपमा नै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) यस ऐन बमोजिम स्थानीय समुदायसँग सम्झौता गरी विकास गरेको वन क्षेत्रमा कुनै काम गर्दा।

१०. **सहभागिता तथा प्रतिनिधित्वः** (१) स्थानीय वनसँग सम्बन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसङ्ख्यक भए यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी निजहरूको परम्परागत ज्ञान, सीप र जीवन शैलीमा प्रभावित हुने गरी स्थानीय स्तरमा स्थानीय नीति, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायसँग परामर्श गरी निजहरूलाई सहभागी गराउनुपर्ने छ।

(२) समुदायमा आधारित वनको स्थानीय उपभोक्ता समिति गठन गर्दा उपलब्ध भएसम्म आदिवासी जनजाति, महिला, दलित, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार नगरपालिकाले सम्मान गर्नुपर्नेछ। महिलाद्वारा व्यवस्थित सामुदायिक वनलाई नगरपालिकाले प्रोत्साहन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिनिधित्व गराउँदा समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्णायक तह (पदाधिकारी) मा सबै समुदायका महिलाको प्रतिनिधित्व हुने गरी कम्तीमा पचास प्रतिशत स्थान महिलाको प्रतिनिधित्वको लागि सुनिश्चित गराउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता सुनिश्चित गर्दा स्थानीय समुदायको गरिब, विपन्न, दलित वा अल्पसङ्ख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई विशेष संरक्षण सहित प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने छ।

(५) सामुदायिक वनको साधारण सभा आयोजना गर्दा सम्पूर्ण वन उपभोक्ता र विशेष गरी विपन्न, महिला तथा दलित उपभोक्ताहरूको सक्रिय सहभागिता सुनिश्चित हुनेगरी साधारण सभामा कम्तीमा पनि पचास प्रतिशत विपन्न, महिला, दलितहरूको सहभागिता हुने वातावरण सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले तयार गर्नु पर्नेछ।

(६) नगरपालिकाले यस दफा बमोजिम समावेशी प्रतिनिधित्व सुनिश्चित भए वा नभएको प्रत्येक वर्ष तोकिए बमोजिम अनुगमन गर्नुपर्नेछ र सुनिश्चित नभएको पाइएमा सुनिश्चित गर्न सम्बन्धित वन उपभोक्ता समूहलाई निर्देशन दिनुपर्नेछ।

(७) उपदफा (६) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

## परिच्छेद-३

## सामुदायिक वन सम्बन्धि व्यवस्था

**११. सामुदायिक वनमा उपभोक्ताको अधिकारः** (१) सामूहिक हितका लागि वनको प्रवर्धन, संरक्षण, व्यवस्थापन र उपयोग गर्न गठन भएको सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनमा देहाय अधिकारहरू प्राप्त गर्नेछः

(क) स्थानीय समुदायका सदस्यको भेला गराई आफ्नो क्षेत्रको वनको दिगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, सम्बर्द्धन र उपयोग गर्नका लागि सामुदायिक वन उपभोक्ता समूह गठन गर्ने,

(ख) वनक्षेत्रमा रहेको खानेपानी तथा सिँचाइको मुहान, वन पैदावारहरू संरक्षण र उपभोग गर्ने।

(ग) सामुदायिक वनबाट प्राप्त वन पैदावार मध्ये समूहका सदस्यहरूको आधारभूत आवश्यकता पूरा गरी बढी भएका वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(घ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन सञ्चितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभप्राप्त गर्ने,

(ङ) वनक्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण र व्यवस्थापन गरी सो बापतको लाभ प्राप्त गर्ने,

(च) सामुदायिक वनको दिगो व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठनगर्ने तथा कार्यविधि बनाई काम गर्ने,

(छ) सामुदायिक वनको दिगो व्यवस्थापनको लागि आवश्यक कार्य योजनाबनाई लागु गर्ने वा गराउने,

(ज) सामुदायिक वन व्यवस्थापन र त्यस सम्बन्धी अन्य कार्यहरूबाट प्राप्त हुने वन पैदावार र अन्य लाभ र त्यस्तो लाभ सामुदायिक वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, अल्पसङ्ख्यकका आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायको क्षमता विकास, युवा तथा बालबालिका, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाँड र प्रयोग गर्ने।

तर, उपभोक्ता समूहको निर्णयले त्यस्तो लाभ सामुदायिक वन व्यवस्थापन समूहहरू, स्थानीय समुदाय, आदिवासी जनजातिहरू, सामुदायिक वन उपभोक्ताको संस्थागत क्षमता अभिवृद्धिमा प्रयोग गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(झ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको नीति र निर्देशनको अधीनमा रही सामुदायिक वन व्यवस्थापनका लागि अन्य आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) सामुदायिक वनबाट प्राप्त वन पैदावारको शुल्क निर्धारण गरी असुल उपर गर्ने, शुल्क छुट वा मिनाहा दिने,

(ट) सामुदायिक वनको भौगोलिक बनौट, भिरालोपन र माटोको किसिम अनुसार सामुदायिक वन कार्ययोजना बमोजिम वन सम्बर्द्धन (गोडमेल, हाँगा काँटछाँट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने,

(ठ) कार्बन सञ्चितिकरण, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिक प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवा बाट लाभप्राप्त गर्ने।

(२) सामुदायिक वन उपभोक्ता समूहले आवश्यकता अनुसार सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्नेछ।

(३) सामुदायिक वन उपभोक्ता समुहले वनमा आधारित उद्योग र व्यवसायको सञ्चालनका लागि बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी वा नराखी ऋण लिई दिगो सामुदायिक वनको व्यवस्थापन र वन उद्यम विकास गर्न सक्नेछ ।

१२. **सामुदायिक वन उपभोक्ता समूहका सदस्यको अधिकारः** (१) स्थानीय सामुदायिक वन उपभोक्ता समूहका सदस्यले सामुदायिक वनमा देहायका अधिकार प्रयोग गर्न सक्नेछः

(क) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागी हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वन पैदावारको सम्झौता बमोजिम लाभ प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समूहमा सहभागी हुने र नेतृत्व लिने तथा निर्णय प्रक्रियामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा न्यायोचित रूपमा प्राप्त गर्ने,

(ङ) वनक्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने उपभोक्तालाई निजले सामुदायिक वन संरक्षण, प्रवर्धन र व्यवस्थापनमा पुऱ्याउने योगदान र वनबाट प्राप्त लाभको आधारमा देहायका अधिकार प्राप्त गर्न सक्नेछः

(क) सामुदायिक वनबाट वन पैदावार सहुलियत दरमा खरिद गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ न्यायोचित ढङ्गबाट तोकिए बमोजिम प्राप्त गर्ने।

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

(३) उपदफा (१) वा (२) मा लेखिएका अधिकारका अतिरिक्त स्थानीय परिवेश अनुसार कुनै विशिष्ट अधिकार कुनै विशेष समुदाय वा समूहलाई दिनुपर्ने देखिएमा सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाबाट त्यस्तो अधिकारको सूची तयार गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचीमा उल्लिखित अधिकारका सम्बन्धमा नगरपालिका र डिभिजन वन कार्यालयलाई लिखित जानकारी दिनुपर्नेछ ।

१३. **सामुदायिक वन उपभोक्ता समूहको जिम्मेवारीः** (१) स्थानीय सामुदायिक वनलाई वातावरणीय रूपमा दिगो

व्यवस्थापन गर्ने जिम्मेवारी सामुदायिक वन उपभोक्ता समूहको हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधीनमा रही सामुदायिक वन व्यवस्थापन कार्य योजना बनाई कार्यान्वयन गर्ने जिम्मेवारी सामुदायिक वन उपभोक्ता समूहको हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्ण वा अधिकतम (व्यक्तिगत, घर धुरी, सामूहिक, समानुपातिक समावेशी) रूपमा सहभागिता गराउने जिम्मेवारी सामुदायिक वन उपभोक्ता समूहको हुनेछ ।

(४) सामुदायिक वन श्रोतको पारदर्शी, उत्तरदायी ढङ्गले व्यवस्थापन गर्ने सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

१४. **सामुदायिक वनको व्यवस्थापनः** (१) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन कार्य योजना अनुरूप सामुदायिक वन श्रोतको प्रभावकारी रूपमा कार्यान्वयन गरी त्यसको व्यवस्थापन गरी नगरपालिकामा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) स्थानीय समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वन श्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समूहको साधारण सभा र साधारण सभाले कार्य समितिलाई समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने जिम्मेवारी सामुदायिक वन उपभोक्ता समूहको हुनेछ ।

(३) सामुदायिक वन उपभोक्ता समूहले दिगो वन व्यवस्थापन गरी वन पैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्नुपर्ने छ।

(४) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वन क्षेत्रको झाडी सफाइ र खाली ठाउँमा वृक्षारोपण गर्ने, समृद्धि वृक्षरोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्बर्द्धन प्रणाली (एक्ल्याउने, बाक्लो वनपत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्य) कार्यान्वयन गरी सामुदायिक संरक्षण गर्नुपर्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले यस ऐन बमोजिम स्थानीय सामुदायिक वनको व्यवस्थापन तथा उपयोग गर्दा स्थानीय समुदाय तथा आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास आदिको संरक्षण गर्नुपर्नेछ ।

(६) सामुदायिक वन उपभोक्ता समूहले स्थानीय सामुदायिक वनको प्रवर्धन, संरक्षण र व्यवस्थापन गर्दा जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय वा आदिवासी जनजाति समुदायको सामूहिक रूपमा रहेको परम्परागत ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण तथा संरक्षण गर्नुपर्ने छ।

(७) नगरपालिकाले उपदफा (६) बमोजिम परम्परागत ज्ञान, सीप, अभ्यासलाई संरक्षण र जीवन्तता दिँदै भावी पुस्तामा हस्तान्तरण गर्नका लागि सम्बन्धित परम्परागत संस्था वा स्थानीय समुदाय सँगको सहकार्यमा विशेष योजना बनाई कार्यान्वयन गर्नुपर्नेछ ।

**१५. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाँडः** प्रचलित कानुन बमोजिम भएको सम्झौतामा अन्यथा भएकोमा बाहेक सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाँड सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाबाट देहाय बमोजिम बाँडफाँड गर्नुपर्नेछः

(क) विपन्न वर्ग र महिलाको विकासमा ४० प्रतिशत

(ख) ऐनको दफा २८ बमोजिमको कोषमा १० प्रतिशत

(ग) सामाजिक विकास र वन विकासमा ५० प्रतिशत

**१६. सामुदायिक वन फिर्ता गर्दा नगरपालिकाको सिफारिस आवश्यक हुनेः** (१) हस्तान्तरण भई समुदायले प्राप्त

गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वन क्षेत्रको उपयोगको अधिकार फिर्ता गर्दा नगरपालिकाको सिफारिस बमोजिम गर्नुपर्नेछ ।

तर, देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समूहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न वा नगराउन नगरपालिकाले पहिलोपटक आवश्यक निर्देशन दिने वा त्यस सम्बन्धमा आवश्यक कारबाही गर्न सक्नेछः

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समूहले वन व्यवस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(२) (२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउँदा वा आवश्यक कारबाही गर्दा सफाई पेस गर्ने उचित मौका दिइनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा अन्य कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समूहको विधान, कार्ययोजना र समुदायको हित विपरीत कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समूहको विधान, नियम वा आचार संहिता बमोजिम कारबाही गर्न सकिनेछ।

१७. **सामुदायिक वनको अनुगमनः** (१) नगरपालिका क्षेत्रको प्रत्येक वर्ष तोकिएको अवधिभित्र सामुदायिक वनको अनुगमन नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाले प्रचलित कानुन बमोजिमको अधिकार प्रयोग गर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाले देहायका विषयको अनुगमन गर्नुपर्नेछः

(क) सामुदायिक वन उपभोक्ता समूहले सम्झौता गरी प्राप्त गरेको स्थानीय सामुदायिक वनको प्रचलित कानुन बमोजिम भएको सम्झौताका सर्त पालन गरे वा नगरेको,

(ख) स्थानीय सामुदायिक वनको प्रवर्धन, संरक्षण, व्यवस्थापन र दिगो उपयोगका लागि आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गरे वा नगरेको,

(ग) स्थानीय सामुदायिक वनबाट वन पैदावार प्राप्त गर्दा स्थानीय वनको उल्लेख्य क्षति पुर्‍याएको वा नपुर्‍याएको,

(घ) स्थानीय सामुदायिक वनबाट प्राप्त लाभ सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरू बीच बाँडफाँड गरे वा नगरेको ।

(ङ) स्थानीय वन उपभोक्ता समूह वा सामुदायिक वन उपभोक्ता समूहबाट वार्षिक कार्ययोजना, लेखा प्रतिवेदन, आर्थिक विवरण, वार्षिक प्रतिवेदन पेस गरेको वा नगरेको ।

(४) नगरपालिकाले यस दफा बमोजिम अनुगमन गर्दा नगरपालिकाका पदाधिकारी दफा ४८ बमोजिमको समितिका सदस्य, सम्बन्धित क्षेत्रको विशेषज्ञ, नगरपालिकाका कर्मचारी आवश्यकता अनुसार सम्बन्धित सामुदायिक वनको स्थलगत भ्रमण गर्न सक्नेछन् ।

(५) नगरपालिकाले यस दफा बमोजिम सामुदायिक वनको अनुगमन गर्दा सम्बन्धित वन उपभोक्ता समूहका पदाधिकारिबाट आवश्यक कागजात, लिखत, खाता, विद्युतीय अभिलेख माग गर्नसक्नेछ ।

(६) उपदफा (५) बमोजिम माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित वन उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

(७) नगरपालिकाले उपदफा (१) बमोजिम गरेको अनुगमनको प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी प्रदेश सरकार वा मातहतको निकायमा अनुगमन सम्पन्न गरेको साठी दिनभित्र पेस गर्नुपर्नेछ।

## परिच्छेद-४

## स्थानीय र सामुदायिक वनमा आधारित स्थानीय उद्योग, रोजगारी र पर्यापर्यटन

**१८. वनमा आधारित उद्यम विकासः** (१) स्थानीय समुदाय वा सामुदायिक वन उपभोक्ता समूह वा नगरपालिका आफैले स्थानीय वनबाट प्राप्त वन पैदावारमा आधारित उद्योग सञ्चालन गरी व्यावसायिक रूपमा उत्पादन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका क्षेत्रमा रहेको निजी वनबाट पनि उपदफा (१) बमोजिमको उद्योग सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम वनमा आधारित उद्योगले स्थानीय वन वा निजी वन क्षेत्रको काठजन्य, पानीजन्य वा गैर काठजन्य, जडिबुटीजन्य, वन्यजन्तुको पालन लगायत अन्य वन पैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यवसायिक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रीवितरण गर्न सक्नेछन् ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको वनमा कसैलाई उद्योग सञ्चालन गर्नको लागि अनुमति दिँदा प्रतिस्पर्धात्मक आधारमा स्थानीय समुदायका सदस्यले प्रत्यक्ष रूपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम उद्यम संचालन गर्नको लागि कुनै व्यक्ति छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई प्राथमिकता दिनु पर्नेछ।

(६) नगरपालिकाले वन उद्यम विकासमा परम्परागत ज्ञान सीपलाई प्राथमिकता दिई परम्परागत संस्था र सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन समुदायको प्राविधिक, व्यवस्थापकीय र संस्थागत क्षमता विकासमा प्राथमिकता दिनुपर्नेछ ।

(७) स्थानीय समुदाय र आदिवासी जनजाति समुदायमा रहेको वन जन्य, जडीबुटी तथा वनस्पति उद्यम विकास सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासलाई आधुनिक प्रविधिसँग संयोजन गरी उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्न नगरपालिकाले आवश्यक नीतिगत, संरचनागत वा प्रक्रियागत उपाय अवलम्बन गर्नेछ।

(८) यस दफा बमोजिम वन पैदावारमा आधारित उद्यम विकास गर्दा नगर क्षेत्रमा बसोबास गर्ने विपन्न व्यक्तिलाई आयमूलक उद्यम विकास कार्यक्रममा आकर्षण गराई आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१९. **प्राविधिक प्रशिक्षण उपलब्ध गराउनेः** (१) नगरपालिकाले नगर क्षेत्र भित्रका स्थानीय वन उपभोक्ता समूह वा सामुदायिक वन उपभोक्ता समूहका सदस्यको परिवारका सदस्य वा स्थानीय वन प्रवर्धन, विकास तथा संरक्षणमा संलग्न व्यक्तिका परिवारका सदस्यलाई वृक्षारोपण, नदी वा खोला बगरमा, वन संरक्षण वा व्यवस्थापन वा वनमा आधारित उद्योग सञ्चालन र विपद् व्यवस्थापन सम्बन्धी विभिन्न किसिमका प्रशिक्षण उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रशिक्षण गराउँदा तोकिएको रकम भन्दा वार्षिक कम रकम आय आर्जन गर्ने विपन्न परिवारका सदस्यलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

२०. **रोजगारी विकास गर्नेः** (१) नगरपालिकाले स्थानीय वनको विकास गर्दा वा वनपैदावारमा आधारित उद्यम सञ्चालन गर्दा स्थानीय वन उपभोक्ता समूह वा सामुदायिक वन उपभोक्ता समूहका सदस्य वा निजको परिवारका सदस्यलाई रोजगारी सिर्जना हुनेगरी आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रममा अन्य कुराको अतिरिक्त तोकिए बमोजिम भन्दा बढी रोजगारी सिर्जना गर्न वनमा आधारित उद्योगलाई नगरपालिकाले तोकिए बमोजिमको अनुदान रकम दिने व्यवस्था मिलाउन सक्नेछ ।

२१. **पर्यापर्यटनको विकास गर्नेः** नगरपालिकाले स्थानीय वन वा सामुदायिक वनक्षेत्रभित्र कुनै किसिमको हानी नोक्सानी नपुर्‍याइ र जैविक विविधताको संरक्षणलाई ध्यानमा राखी वन उपभोक्ता समितिसँग समन्वय र सहकार्यमा पर्यापर्यटनको विकास, विस्तार र भौतिक संरचना निर्माण गरी सो क्षेत्रको प्रवर्धन गर्न सक्नेछ ।

२२. **सुविधा तथा सहुलियत प्रदानः** (१) स्थानीय वनबाट प्राप्त वन पैदावारको पचास प्रतिशत भन्दा बढी प्रयोग गरी वस्तु उत्पादन गर्ने नगर क्षेत्रका उद्योगलाई उत्पादित बस्तुमा उत्पादनको आधारमा नगरपालिकाले प्रोत्साहन गर्न सक्नेछ ।

(२) नगरपालिकाले यस दफा बमोजिम वन पैदावारमा आधारित उद्यमबाट उत्पादन भएका वस्तु विदेशमा निकासी गर्ने नगर क्षेत्रमा रहेका उद्योगलाई सङ्घीय कानुन बमोजिम प्राप्त हुने निकासी अनुदान रकममा दश प्रतिशतसम्म थप अनुदान दिन सक्नेछ ।

२३. **वन क्षेत्रमा फलफूल वा तरकारी खेती गराउन सक्नेः** (१) नगरपालिकाले नेपाल सरकारको स्वीकृति लिई नदी, खोलाको किनार (नदी उकास क्षेत्र) वा बगर क्षेत्रमा वृक्षारोपण गरी वन प्रवर्धन, विकास तथा संरक्षण गर्दा वृक्षारोपण भएको बिरुवा वा रुखलाई प्रतिकूल असर नपर्ने गरी किवी, खरबुजा, स्ट्रवेरी, भुइँस्याउ (Ground Apple), कन्दमूल वा त्यस्तै प्रकृतिका अन्य मौसमी फलफूल वा अल्पकालीन समयमा नै उत्पादन दिनसक्ने वा विभिन्न किसिमका तरकारी, साग, सब्जी वा जडीबुटी उत्पादन गर्न स्थानीय समुदायलाई प्रोत्साहन गर्नेछ।

(२) उपदफा (१) बमोजिम फलफूल वा तरकारी खेती गराउन प्रोत्साहन गर्दा सम्बन्धित स्थानीय समुदायका सदस्य वा स्थानीय वन उपभोक्ता समूहसँग तोकिएका शर्त पालना गर्ने गरी प्रत्येक वर्ष नगरपालिकाले सम्झौता गर्नु पर्नेछ।

(३) नगरपालिकाले यस दफा बमोजिम सम्झौता गरी फलफूल वा तरकारी खेती गर्ने स्थानीय समुदायका सदस्य वा स्थानीय वन उपभोक्ता समूहलाई आवश्यक प्राविधिक ज्ञान र पहिलो वर्षका लागि आवश्यक बीउ वा बेर्ना बापत तोकिए बमोजिमको रकम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(४) नगरपालिकाले यस दफा बमोजिम स्थानीय समुदायका सदस्य वा स्थानीय वन उपभोक्ता समूहले उत्पादन गरी बिक्री गरेको फलफूल वा तरकारीको विवरण राख्ने छ र फलफूल वा तरकारी उत्पादन गर्ने स्थानीय समुदायका प्रत्येक सदस्य वा स्थानीय वन उपभोक्ता समूहले वार्षिक रूपमा सम्झौतामा तोकिए बमोजिमको रकम नगरपालिकामा बुझाउनुपर्नेछ।

## परिच्छेद-५
## स्थानीय वनको नियमन

२४. **स्थानीय वन दर्ताः** (१) नगरपालिकाले नगर क्षेत्र भित्रको स्थानीय वन दर्ता गराइ त्यसको अभिलेख राख्नुपर्नेछ। उपदफा (१) बमोजिम स्थानीय वन दर्ता गराउन चाहने व्यक्ति वा समूहले तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेका निवेदन आवश्यक जाँचबुझ गरी नगरपालिकाले स्थानीय वन दर्ता गरी सम्बन्धित वन उपभोक्ता समूहलाई तोकिएको ढाँचामा प्रमाणपत्र दिनेछ।

२५. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले प्रचलित कानुन तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण, संरक्षण, व्यवस्थापन गर्न, वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्ने गरी स्थानीय वन दर्ता गर्नुपर्ने छ।

(२) नगर कार्यपालिकाले नगर क्षेत्रभित्रको खुला क्षेत्रमा विकास गरेको वनको व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछः

(क) आफ्नो क्षेत्रभित्र रहेको खुला, खर्क वा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्धन तथा अभिलेखीकरण गर्ने ।

(ख) आफ्नो क्षेत्राधिकार भित्र रहेको खुल्ला वा सार्वजनिक क्षेत्रमा प्रचलित कानुन प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्ने।

(३) नगरपालिकाले स्थानीय वन संरक्षण र व्यवस्थापन गर्दा आफ्नो सिमानाभित्रको जलाधार क्षेत्रको समेत संरक्षण गर्नुपर्नेछ ।

(४) नगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु नगरपालिका, वनसँग सम्बन्धित संस्था, स्थानीय समुदाय, स्थानीय बासिन्दा र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(५) उपदफा (४) बमोजिम संरक्षण गर्दा नगरपालिकाले सङ्घीय वा प्रदेश कानुन वा त्यस अन्तर्गतका मापदण्डको अधीनमा रही कार्यविधि बनाई स्थानीय समुदाय मार्फत नगरपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नुपर्ने छ।

(६) नगर क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

२६. **स्थानीय वन उपभोक्ता समूहको दर्ताः** (१) स्थानीय समुदायले यस ऐन बमोजिम प्रयोग गर्ने अधिकार व्यवहारमा कार्यान्वयन गर्न स्थानीय वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित नगरपालिका समक्ष निवेदन पेस गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिमको निवेदन पेस भएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचीकृत भएका समूहलाई नगरपालिकाले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिए भए तापनि प्रचलित कानुन बमोजिम दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरू, कबुलियत गरेका वन उपभोक्ता समूहहरू, धार्मिक वन, यो ऐन प्रारम्भ भएको एक वर्ष भित्र नगरपालिकामा सूचीकृत हुन निवेदन दिनुपर्नेछ ।

२७. स्थानीय वन उपभोक्ता समूह सङ्गठित संस्था रहनेः (१) स्थानीय वन उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकार वाला स्वशासित र सङ्गठित संस्था हुनेछन् ।

(२) स्थानीय वन उपभोक्ता समूहको छुट्टै छाप हुनेछ।

(३) स्थानीय वन उपभोक्ता समूहले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमको बन्दोबस्त गर्न पाउनेछ ।

(४) स्थानीय वन उपभोक्ता समूहले व्यक्ति सरह निवेदन तथा नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट प्रतिउत्तर गर्न सक्नेछ ।

(५) स्थानीय वन उपभोक्ता समूहले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न र दायित्व निर्वाह गर्नसक्नेछ ।

२८. स्थानीय वन उपभोक्ता समूहको कोषः (१) स्थानीय वन उपभोक्ता समूहको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा हुनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्य रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(घ) उद्योग तथा पर्यापर्यटन सञ्चालनबाट प्राप्त रकम,

(ङ) उपभोक्ता समूहले विधान बमोजिम गरेको जरिबानाबाट प्राप्त रकम,

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोषबाट उपभोक्ता समूहको तर्फबाट गरिने सम्पूर्ण खर्च व्यहोरिने छ ।

(४) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **प्रतिवेदन दिनुपर्नेः** (१) सामुदायिक वन उपभोक्ता समूह, स्थानीय वन उपभोक्ता समूह, कबुलियत गरेका वन उपभोक्ता समूहहरू, धार्मिक वन, पारिवारिक निजी वनहरूको समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वन वा स्थानीय वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक प्रतिवेदन नगरपालिकामा पेस गर्नुपर्नेछ ।

## परिच्छेद-६
## निजी वन

३०. **निजी वन दर्ताः** (१) आफ्नो निजी स्वामित्वको जग्गामा वनको प्रवर्धन, विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्न तथा स्वतन्त्र रूपले वन पैदावारको मूल्य निर्धारण गर्ने गरी बिक्री वितरण गर्ने प्रयोजनका लागि नगरपालिका क्षेत्रका निजी वन दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित निकायको सिफारिस सहित तोकिए बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएमा नगरपालिकाले तोकिए बमोजिम जाँचबुझ गरी निजी वन दर्ता गर्न उपयुक्त हुने देखिएमा प्रचलित कानुनको प्रतिकूल नहुने गरी निजी वन दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दर्ता प्रमाण पत्र दिनेछ ।

३१. **वनलाई प्राविधिक सहयोग उपलब्ध गराउनेः** दफा ३० बमोजिम दर्ता भएको निजी वनलाई सम्बन्धित वनधनीको अनुरोध बमोजिम नगरपालिकाले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

३२. **निजी वन पैदावार जग्गाधनीले प्राप्त गर्नेः** (१) निजी वनमा उत्पादित वन पैदावार तथा काठ, बिरुवा वा गैरकाष्ठ वनपैदावारमा निजीवन धनीको स्वामित्व र हक हुनेछ ।

(२) निजी वन धनीले निजी वन क्षेत्र भित्रका श्रीखण्ड, साल, लौठसल्ला बाहेकका काठ कटानी र ओसारपोसार सम्बन्धमा यस ऐनको अनूसूचि-१ मा तोकिएको दस्तुर बुझाई अनुमति लिई नेपाल भित्रका कुनै पनि भागमा लगि बिक्री वितरण गर्न सक्नेछ ।

तर तोकिए बमोजिमका रुख कटान गर्न नगरपालिकाको अनुमति लिनुपर्नेछ ।

(३) निजी वनधनीले वनमा आधारित उद्योगहरू स्थापना गर्न चाहेमा नगरपालिकाले त्यस्तो धनीलाई तोकिए बमोजिम अनुमति पत्र दिनेछ ।

(४) निजी वनमा परीक्षण गरिएका बिरुवाहरू र छिटोछरितो हुर्कने स्थानीय प्रजातिका बिरुवाहरू वृक्षारोपण गर्न नगरपालिकाले प्रोत्साहन गर्नेछ ।

## परिच्छेद-७

## नगर वन संघ सम्बन्धी व्यवस्था

**३३. संघ गठन गर्ने:** (१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन र स्थानीय वन उपभोक्ता समूहहरुको प्रतिनिधिको उपस्थितिमा त्यस्ता समूहले चाहेमा नगरपालिका सामुदायिक वन उपभोक्ता संघ गठन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संघको दर्ता तथा सञ्चालन र त्यसको विधान तोकिए बमोजिम हुनेछ ।

**३४. संघको काम, कर्तव्य र अधिकार:** (१) संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरभित्र सञ्चालनमा रहेका स्थानीय सामुदायिक वनहरूको संरक्षण तथा सम्बर्द्धनमा सहयोग गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूहहरूको विभिन्न गतिविधिको समन्वय तथा सुधार गर्नको लागि नगरपालिकामा पेस गर्ने,

(ग) सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा सुधारको लागि आवश्यक कार्ययोजना, नीति तथा योजना तयार गरी स्वीकृतिको लागि नगरपालिकामा पेस गर्ने ।

(घ) वातावरण तथा जैविक विविधताको संरक्षण, भूक्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणको माध्यमबाट सामुदायिक वन विकास सम्बन्धी वार्षिक, आवधिक तथा दीर्घकालीन कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्ने ।

(ङ) सामुदायिक वनको संरक्षणको लागि गस्ती परिचालनको व्यवस्था मिलाउने ।

(च) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

## परिच्छेद-८

## प्रतिकूल आचरण र जरिवाना

**३५. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने:** (१) कुनै व्यक्ति, स्थानीय वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समूह वा अन्य कसैले यस ऐन विपरीत हुनेगरी स्थानीय वन उपभोक्ता वा सामुदायिक वन उपभोक्ता समूहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न पाइने छैन।

**३६. जरिबाना:** देहायको काम गर्ने वा गराउने व्यक्तिलाई त्यस्तो कामको मात्रा र परिणाम हेरी नगरपालिकाले तोकिए बमोजिम जरिबाना गर्नेछ:

(क) दफा ८, १० वा ११ बमोजिमको अधिकारबाट कसैलाई बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने।

(ख) दफा १७ को उपदफा (५) बमोजिमको विवरण उपलब्ध नगराएमा,

(ग) दफा २४ बमोजिम कसैले स्थानीय वन दर्ता नगरी सञ्चालन वा व्यवस्थापन गरेमा,

(घ) दफा २९ बमोजिम नगरपालिकामा प्रतिवेदन दाखिला नगरेमा,

(ङ) दफा ३० बमोजिम दर्ता नगराई निजी वन सञ्चालन र व्यवस्थापन गरेमा,

(च) दफा ३५ बमोजिम प्रतिकूल प्रभाव परेमा।

**३७. मुद्दा हेर्ने अधिकार:** (१) यस ऐन अन्तर्गत गर्न नहुने काम गरेकोले मुद्दा गर्नुपर्ने कारण परेको मितिले छ महिना भित्रमा मर्का पर्ने पक्षले नगरपालिकाको न्यायिक समिति समक्ष उजुर दायर गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम उजुर गरेकोमा न्यायिक समितिले यस ऐन अन्तर्गत कारबाही गर्दा तोकिए बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

**३८. क्षतिपूर्ति भराउन सक्ने:** (१) यस ऐन विपरीत कुनै काम गरेको कारणबाट कसैलाई हानी नोक्सानी भएमा सम्बन्धित व्यक्ति वा वन उपभोक्ता समूहले उचित क्षतिपूर्तिको लागि उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति पाउँ भनि परेको उजुरी उपर छानबिन गरी यस ऐन बमोजिम वन अधिकार हनन भए वा नभएको र त्यस्तो समूह वा व्यक्तिलाई हानि नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समूह वा व्यक्तिलाई भराउन सक्नेछ ।

## परिच्छेद-९
## विविध

**३९. सूचीकृत हुनुपर्ने:** (१) कसैले सामुदायिक वन क्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायिक पालन, समुदायको पहुँचभन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावार जन्य उद्योग सञ्चालन गर्ने, उत्पादन गर्ने, उत्पादित बस्तु वा वनपैदावार र निकासी पैठारी गर्ने र त्यसबाट लाभ प्राप्त गर्न चाहने उपभोक्ता समूहले प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गरी नगरपालिकामा सूचीकृत गर्नुपर्नेछ ।

(२) सामुदायिक वन समूहको दर्ता प्रमाणपत्रका आधारमा स्थानीयस्तरका सहकारी संस्था मार्फत वन पैदावारमा आधारित अन्य उद्यमहरू यस ऐन बमोजिम दर्ता गराई सञ्चालन सक्नेछन् ।

४०. **नदीजन्य खनिज सम्बन्धी व्यवस्थाः** नगरपालिकाले वन क्षेत्रमा रहेका नदीजन्य ढुङ्गा, गिट्टी वा बालुवा सम्बन्धित निकायको सिफारिसमा खुल्ला प्रतिस्पर्धा माध्यमबाट संकलन र बिक्री बितरण गर्न सक्नेछ।

४१. **जोखिमयुक्त रुखको व्यवस्थापनः** वन क्षेत्र बाहेकका सरकारी कार्यालय, समिति, संस्थान तथा अन्य कार्यालय परिसरमा वा वन क्षेत्र बाहेकका सार्वजानिक स्थल, छहारी पर्ने चौतारा, पानीको मुहान, धार्मिक स्थल वा अन्य स्थानमा जोखिम अवस्थामा रहेका रुख बिरुवा तत्काल नहटाएमा सो रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा प्रचलित कानुन बमोजिम रुख हटाउन सकिनेछ ।

४२. **संरक्षित क्षेत्र तथा जैविक मार्ग तोक्न सकिनेः** (१) नगरपालिकाले नगर क्षेत्रभित्र लोपोन्मुख प्रजातिका बोटबिरुवा, वन्यजन्तु, चराचुरुङ्गी, जलाधार क्षेत्र वा यस्तै प्रकारका नगरपालिकाले संरक्षण गर्न आवश्यक ठानेका क्षेत्रलाई सिमा निर्धारण गरी संरक्षित क्षेत्रका रूपमा तोक्न सक्नेछ। उक्त क्षेत्रको संरक्षण योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) नगरपालिकाले आवश्यक ठानेमा वनको कुनै पनि क्षेत्रलाई जैविक मार्ग घोषणा गर्न सक्नेछ।

४३. **निजी जग्गामा कृषि वन र जडीबुटी खेती सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानुनमा तोकिएको मापदण्डको पालना गरी निजी वन धनीले निजी जग्गामा कृषि वन र जडिबुटी खेती गर्न सकिनेछ।

(२) तोकिएका काष्ठ, जडीबुटी तथा अन्य वनपैदावर निजी जग्गामा खेती गरिएका कृषि उपज सरह संकलन बिक्री बितरण तथा ओसारपसार गर्न सकिनेछ ।

४४. **अधिकार प्रत्यायोजनः** नगरपालिकाले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार कुनै अधिकार नगर प्रमुख, नगर उप-प्रमुख वा तोकिए बमोजिम कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४५. **मानव र वन्यजन्तुको द्वन्द्व व्यवस्थापन, क्षतिपूर्ति र राहतको व्यवस्थाः** (१) मानव र वन्यजन्तु बीचको द्वन्द व्यवस्थापन गर्न नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहजीकरण गर्नेछ ।

(२) मानव र वन्यजन्तु द्वन्दबाट जन, धन, बालीनाली तथा पशु धन, पंक्षी आदिमा हानी नोक्सानी भएमा त्यस बापत राहत र क्षतिपूर्तिको व्यवस्थाका लागि नगरपालिकाले बालीबिमाको कार्यक्रम लागु गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको राहत तथा पीडितहरूलाई क्षतिपूर्ति वितरणका लागि आवश्यक मापदण्ड र आधार तोकिए बमोजिम हुनेछ ।

४६. **नगर वन परिषद्ः** (१) यो ऐनको कार्यान्वयन तथा स्थानीय वन प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन सम्बन्धी नीतिगत सिफारिस गर्न एक नगर वन परिषद् रहनेछ ।

(२) नगर वन परिषद्को गठन तथा त्यसको काम, कर्तव्य र अधिकार तथा कार्य सम्पादन विधि तोकिए बमोजिम हुनेछ ।

४७. **अनुगमन समितिः** (१) नगरपालिका अन्तर्गत गठित स्थानीय वन उपभोक्ता समूह वा सामुदायिक वन उपभोक्ता समूहको क्षेत्राधिकार अन्तर्गत भए गरेका समग्र कार्यहरूको अनुगमन गर्ने जिम्मेवारी नगरपालिकाको अनुगमन तथा सुपरिबेक्षण समितिको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४८. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

४९. **संशोधनः** यस ऐनको समय सापेक्ष कार्यान्वयन गर्नको लागि नगर सभाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

५०. **बाधा अड्काउ फुकाउन सक्नेः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै द्विविधा आएमा नगर सभाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

५१. **बचाउः** यस ऐनमा व्यवस्था भएको कुनै प्रावधान सङ्घीय वा प्रादेशिक कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

## अनुसूचि-१
### (दफा ३२ को उपदफा २ सँग सम्बन्धित)

| क स | काठको प्रजाती | | स्तर(ग्रेड) | प्रतिघन फुट रोयल्टी |
|---|---|---|---|---|
| | नेपाली नाम | बैज्ञानिक नाम | | |
| १. | जंगली सिसौ | Dalbergia Sissoo | ए | १२५०/- |
| | | | बी | १०००/- |
| | | | सी | ६००/- |
| | | | डी | ३५०/- |
| २. | साल | Shorea robusta | ए | १२५०/- |
| | | | बी | ९००/- |
| | | | सी | ६००/- |
| | | | डी | ३००/- |
| ३. | चाँप | Magnolia spp. | ए | ७००/- |
| | | | बी | ५००/- |
| | | | सी | ३००/- |
| ४. | जामुन | Syzygium spp. | ए | ४००/- |
| | | | बी | ३००/- |
| | | | सी | १००/- |
| ५. | सिसौं(बृक्षारोपरण) | Dalbergia sissoo | ए | ७००/- |
| | | | बी | ५००/- |
| ६. | खोटे सल्ला | Pinus roxburghii | ए | २५०/- |
| | | | बी | १५०/- |
| ७. | टुनी | Toona ciliata | ए | ३००/- |
| | | | बी | २००/- |
| ८. | उत्तिस | Alnus neplensis | ए | २००/- |
| | | | बी | १५०/- |
| ९. | दार | Debregeaisa saeneb | | ५००/– |
| १०. | हर्रो | Terminalia chebula | | २००/– |

| | | | | |
|---|---|---|---|---|
| ११. | बर्रो | Terminalia bellirica | | २००/- |
| १२. | कटुस | Caastanopsis Indica | | २००/- |
| १३. | चिलाउने | Schima wallichii | | २००/- |
| १४. | सौर | Betua  alnoides | | २००/- |
| १५. | रुख लाकुरी | Lzrix spp. | | २००/- |
| १६. | आँप | Magniferra Indica | | २००/- |
| १७. | मसला | Eucalyptus Spp. | | १२५/– |
| १८. | सिमल | Bombax ceiba | | १५०/– |
| १९. | सेतो सिरिस | Albizia Spp. | | १००/– |
| २०. | पिपल | Populus Spp. | | १००/- |
| २१. | खयर | Acacia catechu | | ३३/- प्रति केजी |
| २२. | अन्य जात (माथि उल्लेख भएदेखि बाहेक) | | | १००/- |

आज्ञाले,

उदयबहादुर पराजुली

प्रमुख प्रशासकीय अधिकृत